श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४६ सालको ऐन नं २९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

नेपाल औद्योगिक विकास निगमको स्थापना गर्न बनेको ऐन

प्रस्तावनाः देशको आर्थिक विकासको लागि उद्योगहरूको स्थापना, विस्तार तथा क्षमता र उत्पादकत्वमा वृद्धि गरी प्रभावकारी रूपमा सञ्चालन गराउन तथा प्राविधिक सहायता र व्यवस्थापन परामर्श उपलब्ध गराई औद्योगिक विकासमा प्रोत्साहन गर्न, र

निष्क्रिय रूपमा छरिएर रहेको पूंजीलाई परिचालन गरी औद्योगिक क्षेत्रमा लगाउन एउटा औद्योगिक विकास निगमको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१
प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भः

१.१.१ यस ऐनको नाम "नेपाल औद्योगिक बिकास निगम ऐन, २०४६" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

624

१.१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

१.२ परिभाषाः

१.२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

१.२.१.१ "निगम" भन्नाले दफा २.१ बमोजिम स्थापना भएको नेपाल औद्योगिक विकास निगम सम्झनु पर्छ ।

१.२.१.२ "समिति" भन्नाले दफा ५.१ बमोजिम गठन भएको सञ्चालक समिति सम्झनु पर्छ ।

१.२.१.३ "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले कार्यकारी अध्यक्ष समेतलाई जनाउँछ।

१.२.१.४ "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

१.२.१.५ "महाप्रबन्धक" भन्नाले उपदफा ६.१.१ बमोजिम नियुक्त भएको निगमको महाप्रबन्धक सम्झनु पर्छ।

१.२.१.६ "विदेशी एजेन्सी" भन्नाले विदेशी सरकार वा त्यस्तो सरकारको कुनै एजेन्सी वा कुनै अन्तर्राष्ट्रिय संगठन वा विदेशी संस्था सम्झनु पर्छ ।

१.२.१.७ "उद्योग" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम स्थापना भएको फर्म, कम्पनी, संगठित संस्था, निगम वा संस्थानले स्थापना वा सञ्चालन गरेको वा गर्ने उद्योग वा औद्योगिक काम वा तत्सम्बन्धी व्यवसाय सम्झनु पर्छ ।

१.२.१.८ "शेयर" भन्नाले निगमको शेयर पूंजीको विभाजित अंशलाई सम्झनु पर्छ ।

१.२.१.९ "डिबेन्चर" भन्नाले निगमको जायजेथा धितो राखी वा नराखी निगमले जारी गरेका ऋणपत्र सम्झनु पर्छ ।

१.२.१.१० "शेयर प्रमाणपत्र" भन्नाले शेयर किन्ने व्यक्तिलाई सो बापत निगमले दिएको निस्सा सम्झनु पर्छ ।

१.२.१.११ "शेयरवाला" भन्नाले निगमको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

१.२.१.१२ "विवरणपत्र" भन्नाले निगमले यस ऐनबमोजिम प्रकाशित गर्नु पर्ने विवरणपत्र सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.२.१.१३ "बण्ड" भन्नाले निगमले निर्धारित समय पछि बण्डवालालाई शर्तबमोजिम साँवा ब्याज भुक्तानी दिने गरी जारी गरेको खास मूल्य वा वर्गको ऋणपत्र सम्झनु पर्छ र त्यस्तो बण्ड सेक्योर्ड वा अनसेक्योर्ड तथा क्युमुलेटीभ वा नन्-क्युमुलेटीभ हुन सक्नेछ ।

१.२.१.१४ "विभाग" भन्नाले श्री ५ को सरकार उद्योग विभाग वा श्री ५ को सरकारले तोकेको अन्य कुनै विभाग वा कार्यालय सम्झनु पर्छ ।

१.२.१.१५ "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

परिच्छेद–२
स्थापना, पूंजी र व्यवस्थापन

२.१ निगमको स्थापनाः

२.१.१ नेपाल औद्योगिक विकास निगमको नामबाट एक निगम स्थापना गरिएको छ ।

२.१.२ नेपाल औद्योगिक विकास निगम ऐन, २०१६ बमोजिम स्थापना भएको नेपाल औद्योगिक विकास निगम यसै ऐनबमोजिम स्थापना भएको मानिनेछ ।

२.१.३ निगम अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

२.१.४ निगमको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२.१.५ निगमले यस ऐनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, राख्न, बेच-बिखन गर्न र यस्तै अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

२.१.६ निगमले आफ्नो नामबाट नालिश उजूर गर्न र निगम उपर पनि सोही नामबाट नालिश उजूर लाग्न सक्नेछ ।

२.१.७ निगमको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ र निगमले नेपाल अधिराज्यभित्र वा बाहिर शाखाहरू खोल्न तथा एजेण्ट वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

२.२ शेयर पूंजी र शेयरवालाः

२.२.१ निगमको अधिकृत पूंजी एक अरब रूपैयाँ हुनेछ र सो रकमलाई एक सय रूपैयाँ दरको एक करोड साधारण शेयरमा विभाजन गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.२.२ निगमको जारी पूंजी (इस्यूड क्यापिटल) समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

२.२.३ शेयरको लागि दरखास्त आह्वान, शेयरको बांडफांड, शेयरको प्रमाण-पत्र वितरण र किस्ताको माग समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२.२.४ उपदफा २.२.३ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको स्वीकृति बिना विदेशीहरूलाई शेयर बिक्री गरिने छैन ।

२.२.५ प्रत्येक शेयर अविभाज्य हुनेछ र शेयरवालाले आफूले लिएको प्रत्येक शेयरको एकमतको हिसाबले साधारण सभामा मत दिन पाउनेछ ।

२.२.६ शेयरवालाको दायित्व निजले लिएको शेयरको मूल्यको हदसम्म सीमित रहनेछ ।

२.३ अधिकृत पूँजी बढाउन सकिनेः

२.३.१ साधारण सभाबाट पारित प्रस्ताव बमोजिम निगमको अधिकृत पूंजी बढाउन सकिनेछ ।

२.३.२ निगमको पूंजी देहायबमोजिम गरी थप गर्न सकिनेछः–

२.३.२.१ एकसय रूपैयाँ दरको अतिरिक्त शेयरहरू वितरण गरी वा

२.३.२.२ निगमको जगेडा कोषलाई पूंजीमा परिणत गरी ।

२.३.३ उपदफा २.३.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि शेयरहरू वितरण गर्दा भइरहेका शेयरवालाहरूलाई सो शेयर खरिद गर्ने अग्राधिकार हुनेछ र जगेडा कोषलाई शेयर पूंजीमा परिणत गरिएकोमा त्यसरी वृद्धि गरिएको शेयर पूंजी भइरहेका शेयरवालाहरूलाई निजहरूले लिइरहेको शेयरहरूको अनुपातमा वितरण गरिनेछ ।

२.४ विवरणपत्र प्रकाशित गर्नेः

२.४.१ निगमले आफ्नो शेयर, डिबेञ्चर वा बण्ड बिक्रीको लागि निस्काशन गर्नु भन्दा अगाडि यस ऐन बमोजिम विवरणपत्र प्रकाशित गर्नु पर्नेछ ।

२.४.२ उपदफा २.४.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि विवरणपत्र प्रकाशित गर्नु अगावै सञ्चालकहरूले त्यसको एक प्रति नक्कलमा सहीछाप गरी सो विवरणपत्र स्वीकृतिको लागि विभागमा पठाउनु पर्नेछ र स्वीकृति प्राप्त भए पछि मात्र विवरणपत्र प्रकाशित गर्नु पर्नेछ ।

२.४.३ उपदफा २.४.१ बमोजिम प्रकाशित हुने प्रत्येक विवरणपत्रको पहिलो पानामा विभागबाट स्वीकृति प्राप्त भएको व्यहोरा उल्लेख गरिएको हुनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.५ विवरणपत्रमा खुलाउनु पर्ने कुराहरू:

२.५.१ विवरणपत्रमा देहायका कुराहरू खुलाउनु पर्नेछः–

२.५.१.१ कर्मचारी वा अरू कसैको लागि शेयर सुरक्षित गर्ने प्रबन्ध भएमा सो कुरा ।

२.५.१.२ सञ्चालकहरूको नाम, थर र वतन ।

२.५.१.३ सार्वजनिक रूपमा बिक्री गरिने शेयरको संख्या ।

२.५.१.४ शेयर मूल्यमा प्रिमियम थप गरी शेयर बिक्री गरिने भएकोमा प्रिमियम थप्नु पर्ने कारण र औचित्य ।

२.५.१.५ जनसाधारणमा वितरण गरिने शेयर लिने शेयरवालाहरूको समितिमा हुने सहभागिता सम्बन्धी व्यवस्था ।

२.५.१.६ यतिसम्म शेयरको ग्राहक भए पछि शेयर बांडफांड गर्ने काम शुरू हुनेछ भन्ने र दरखास्त साथ प्रति शेयर पठाउनु पर्ने पेश्की रकम ।

२.५.१.७ डिवेञ्चर वा बण्ड बिक्री गरी कर्जा लिनु परेको भए त्यसको कारण, किस्ता वा चुक्ता भुक्तान भएको डिवेञ्चर वा बण्डको संख्या र जम्मा तिर्न बाँकी कर्जा ।

२.५.१.८ शेयर, डिवेञ्चर वा बण्ड बिक्री भइआएको रकमबाट खरिद भएको जायजेथा सो जायजेथा बिक्री गर्नेको नाम र नगद रकमको सट्टा शेयर, डिवेञ्चर वा बण्ड लिने दिने व्यवस्था गरिएको रहेछ भने सो कुरा ।

२.५.१.९ शेयर, डिवेञ्चर वा बण्ड सम्बन्धी दलाली दर ।

२.५.१.१० निगमको कामलाई चाहिने खर्च र त्यसबाट हुने आम्दानीको अनुमान ।

२.५.१.११ निगमको वित्तीय व्यवस्था ।

२.५.१.१२ लेखापरीक्षकहरूको नाम नामेसी र लेखापरीक्षण प्रतिवेदन भए त्यस्तो प्रतिवेदन ।

२.५.१.१३ शेयर डिवेञ्चर वा बण्ड खरिद गर्नको लागि दरखास्त दिने अन्तिम म्याद ।

२.५.१.१४ शेयर बाँडफाँडको सूचना प्रकाशित हुने समय ।

२.५.१.१५ निगमको वासलात र नाफा नोक्सानीको विवरण निरीक्षण गर्न पाइने समय र स्थान ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.५.१.१६ शेयर अण्डरराईट गरे वापतको दस्तूर ।

२.५.१.१७ धितोपत्रको खरिद बिक्रीको व्यवस्था र

२.५.१.१८ अन्य आवश्यक कुराहरू।

२.५.२ विवरणपत्रमा लेखिएको कुनै कुराले यस ऐन बमोजिमको कसैको अधिकार दायित्वमा कुनै असर पार्ने छैन ।

२.६ विवरणपत्रमा लेखिएको कुराको जवाफदेही: विवरणपत्रमा उल्लेख भएका कुराहरूको लागि सो विवरणपत्रमा सहिछाप गर्ने सञ्चालकहरूले जवाफदेही हुनु पर्नेछ र जानी जानी वा बदनीयत साथ झुट्ठा कुराहरू लेखी विवरणपत्र प्रकाशित गरिएको रहेछ र सो विवरणपत्रमा विश्वास गरी शेयर, डिबेञ्चर वा बण्ड खरिद गरेको कारणबाट कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने सो नोक्सानीको क्षतिपूर्ति विवरणपत्रमा सहिछाप गर्ने सञ्चालकहरूले निजी रूपमा व्यहोर्नु पर्नेछ ।

तर सो विवरणपत्र प्रकाशित गर्नुभन्दा अगावै राजीनामा दिने वा विवरण-पत्रमा झुट्ठा कुरा लेखिएको थाहा पाई शेयर, डिबेञ्चर वा बण्ड बिक्री वा बांडफांड नहुँदै सो कुराको सूचना सर्वसाधारणले थाहा पाउने गरी प्रकाशित गर्ने सञ्चालकले सो बमोजिमको जवाफदेही व्यहोर्नु पर्ने छैन ।

परिच्छेद–३

शेयर, डिबेञ्चर र बण्ड

३.१ शेयरको दरखास्त:

३.१.१ निगमको शेयर खरिद गर्न चाहने व्यक्तिले तोकिएको ढांचामा दरखास्त दिनु पर्नेछ ।

३.१.२ उपदफा ३.१.१ बमोजिम दरखास्त पठाउँदा दरखास्तवालाले सो दरखास्त साथ आफूले लिने शेयरको मूल्य वापत विवरणपत्रमा उल्लेख गरिए बमोजिमको पेश्की रकम पठाउनु पर्नेछ । पेश्की साथमा नपठाइएको दरखास्त मान्य हुने छैन ।

३.१.३ शेयर खरिदको लागि दरखास्त दिने अन्तिम म्याद नाघेको छ महीना-भित्र निगमले सकभर सबै दरखास्तवालाले शेयर पाउने गरी शेयरको बांडफांड गर्नु पर्नेछ ।

३.१.४ उपदफा ३.१.३ बमोजिमको म्यादभित्र निगमले शेयरको बाँडफांड गर्न नसके उपदफा ३.१.२ बमोजिम प्राप्त रकम र सो रकम प्राप्त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको मितिदेखिको वार्षिक दश प्रतिशतका दरले सो रकमको ब्याज समेत फिर्ता गर्नु पर्नेछ ।

३.२ शेयरको प्रमाण-पत्रः

३.२.१ प्रत्येक शेयरवालालाई निजले लिएको शेयरको तोकिएको ढांचामा प्रमाण-पत्र दिइनेछ । सो प्रमाण-पत्रमा निगमको नाम, शेयरको मोल र जारी भएको मिति समेत लेखी कम्तीमा दुईजना सञ्चालकको सही परेको र निगमको छाप लागेको हुनु पर्नेछ र आंशिक रूपमा मात्र शेयरको मूल्य बुझाएकोमा भुक्तान भएको र हुन बाँकी रकमको अङ्क समेत सो प्रमाण-पत्रमा अगाडि पट्टी स्पष्ट लेखिएको हुनु पर्नेछ ।

३.२.२ दुई वा सो भन्दा बढी व्यक्तिहरूले साझा भई लिएको शेयर बापत उपदफा ३.२.१ बमोजिमको प्रमाण-पत्र दिंदा त्यस्ता साझेदारहरू सबैको नाम प्रमाण-पत्रमा जनाई सो मध्ये कसैलाई दिन सकिनेछ ।

३.२.३ शेयरको प्रमाण-पत्र हराएमा वा नोक्सान भएमा शेयरवालाले सो हराएको वा नोक्सान भएको थाहा पाएको पैंतीस दिनभित्र सो व्यहोराको दरखास्त निगमको केन्द्रीय कार्यालयमा दिनु पर्नेछ ।

३.२.४ उपदफा ३.२.३ बमोजिम कसैको दरखास्त पर्न आएमा निजलाई अर्को प्रमाण-पत्र दिंदा कसैलाई बाधा विरोध छ भने सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र उजूर गर्न आउनु भनी प्रमुख पत्र-पत्रिकाहरूमा सूचना प्रकाशित गरी सो म्यादमा कसैको उजूर पर्न आयो र त्यसमा हक बेहक गर्नुपर्ने देखियो भने अदालतबाट हक बेहक कायम गराई आए पछि कारवाही गर्ने भनी दुवै पक्षलाई जनाउ दिनु पर्नेछ । सो म्यादमा कसैको उजूर नपरेमा भएको व्यहोरा जनाई निगमले अर्को प्रमाण-पत्र दिनु पर्नेछ र सो कुरा शेयरवालाको दर्ता किताबमा पनि जनाइराख्नु पर्नेछ ।

३.३ बण्ड वा डिबेन्चर जारी गर्नेः

३.३.१ बण्ड वा डिबेन्चर जारी गर्न आवश्यक परेमा समितिले उपदफा ३.३.२ र ३.३.३ को अधीनमा रही दफा २.४ बमोजिम विवरणपत्र प्रकाशित गरी बण्ड वा डिबेन्चर जारी गर्न सक्नेछ ।

३.३.२ निगमको अचल जायजेथा धितो लेखी बण्ड वा डिबेन्चर जारी गर्ने भएमा सो कुरा नेपाल राष्ट्र बैंकमा पेश गरी स्वीकृत भए पछि मात्र जारी गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.३.३ निगमको जायजेथा धितो नलेखी बण्ड वा डिवेन्चर जारी गरिएकोमा सो जारी गरिएको मितिले सात दिनभित्र सो कुरा नेपाल राष्ट्र बैंकमा लेखी पठाउनु पर्नेछ ।

३.३.४ प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निगमले अघिल्ला साहूहरूलाई लेखिदिएको धितोले खामेसम्म सोही धितो राखी अधिको साहू र थैली समेत सबै स्पष्ट देखाई अरू साहूसंग पनि कर्जा लिन सक्नेछ ।

३.३.५ प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निगमले लिएको वा दिएको ऋणको शर्त भाखा र व्याज सम्बन्धी कुराहरू साहू असामी बीच भएको लिखत बमोजिम हुनेछ ।

३.३.६ निगमले आफूले जारी गरेको बण्ड वा डिवेन्चर लिने प्रत्येक साहूहरूको नाम नामेसी, बण्ड वा डिवेन्चरको रकम र अन्य आवश्यक विवरणहरू लेखी एउटा छुट्टै किताब खडा गरी राख्नु पर्नेछ ।

३.४ शेयरको हस्तान्तरण: निगमको शेयर यस ऐनको अधीनमा रही चल सम्पत्ति सरह हक छोडी दिन वा धितो बन्धक राख्न सकिनेछ ।

३.५ शेयर हस्तान्तरणको जनाउ दर्ता गर्ने:

३.५.१ दफा ३.४ बमोजिम शेयर धितो बन्धक दिएकोमा सो व्यहोरा निगमको श्रेस्तामा जनाउनको निमित्त धितो बन्धक लिनेले तोकिएको ढांचाको दरखास्त साथ सम्बन्धित लिखतको एक प्रति र दफा ३.२ बमोजिमको प्रमाण-पत्र समेत निगमको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ र सो बमोजिम दरखास्त परेमा निगमले पनि उपदफा ३.५.३ बमोजिम गर्नु पर्नेछ ।

३.५.२ दफा ३.४ बमोजिम शेयर हक छोडी दिएकोमा सो लिने व्यक्तिले तोकिएको ढांचाको दरखास्त साथ सम्बन्धित लिखतको एक प्रति र दफा ३.२ बमोजिमको प्रमाण-पत्र समेत निगमको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ र सो बमोजिम दरखास्त परेमा निगमले उपदफा ३.५.३ बमोजिम गर्नु पर्नेछ ।

३.५.३ उपदफा ३.५.१ वा ३.५.२ बमोजिम कसैको कुनै दरखास्त परेमा सो दरखास्त आफू छेउ दाखिल भएका पैंतीस दिनसम्म पनि साविक शेयरवालाको कुनै उजूर आएन भने दफा ३.६ बमोजिम इन्कार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपिबाट मात्र लागु हुनेछ।

गरिएकोमा बाहेक धितो बन्धक दिए लिएकोमा किताबमा फलाना मितिमा फलानालाई यति रकममा यो शर्तमा बन्धक परेको भन्नेसम्म जनाई राखी शेयरवालाले निखनेको जनाउ पाए पछि सो बन्धकको लगत काटिदिन र हक छोडी दिए लिएकोमा सो लिखतको छोटकरी व्यहोरा समेत दर्शाई साविकवालाको नाम खारेज गरी हालवालाको नाममा दाखिल दर्ता गरिदिनु पर्नेछ । सो हस्तान्तरण सम्बन्धमा हक बेहक सम्बन्धी कुनै कुराको उजूर परेमा अदालतबाट अन्तिम निर्णय भए बमोजिम गर्नु पर्नेछ ।

३.५.४ उपदफा ३.५.३ बमोजिम शेयर दाखिल खारेज गर्दा तोकिएको ढांचाको किताबमा दाखिल खारेज गरी समितिको अधिकृत प्रतिनिधिले प्रमाणित गर्नु पर्नेछ ।

३.५.५ उपदफा ३.५.४ बमोजिम शेयर बन्धक रहेको कुरा श्रेस्तामा जनाउन वा शेयर दाखिल खारेज गर्नाको निमित्त दरखास्तवालाले निगमलाई दश रूपैयाँ दस्तूर बुझाउनु पर्नेछ ।

३.६ शेयर हस्तान्तरणको जनाउ दर्ता गर्न इन्कार गर्न सकिनेः

३.६.१ देहायको अवस्थामा निगमले शेयर धितो बन्धक राखिएको कुरा श्रेस्तामा जनाउन वा हक छोडी लिए दिएकोमा त्यसको दाखिल खारेज गरिदिन इन्कार गर्न सक्नेछः–

३.६.१.१ शेयर वापत माग गरिएको किस्ताको पूरा रकम भुक्तान नगरिएको भएमा ।

३.६.१.२ दफा ३.५ बमोजिम पठाउनु पर्ने लिखत र शेयरको प्रमाणपत्र दरखास्त साथ पेश हुन नआएमा ।

३.६.१.३ यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियम बमोजिम शेयर हस्तान्तरण गर्न कुनै बाधा भएमा, वा

३.६.१.४ उपदफा ३.५.५ बमोजिम दस्तूर दाखिल नगरेमा ।

३.६.२ उपदफा ३.६.१ बमोजिम शेयर बन्धक रहेको वा हक छोडी दिएको कुरा श्रेस्तामा जनाउन वा दाखिल खारेज गर्न निगमले इन्कार गरेमा दरखास्त परेको मितिले पैंतीस दिनभित्र इन्कार गरिएको कुराको सूचना शेयर लिने दिने दुवैलाई दिनु पर्नेछ ।

३.७ शेयर दाखिल खारेज हुने अन्य अवस्थाः व्यक्तिगत नाममा शेयर लिने कुनै शयरवाला मरी वा निजको आफ्नो जायजेथा साहूलाई दामासाही गराई वा अरू कुनै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यहोराले शेयरमा प्रचलित नेपाल कानून बमोजिम अरू कसैको हक हुन आएमा सो कुराको सबूद साथ सो हक प्राप्त गर्ने व्यक्तिले निगममा दरखास्त दिएमा उपदफा ३.६.१ को अधीनमा रही सो शेयर निजको नाममा दाखिल खारेज गरिनेछ ।

३.८ शेयरवालाको दर्ता किताबः

३.८.१ निगमले तोकिएको ढांचाको किताबमा शेयरको सिलसिलेवार नम्बर-को क्रमानुसार प्रत्येक शेयरवालाको सम्बन्धमा देहायका कुराहरू खुलाई दर्ता गरी निगमको केन्द्रीय कार्यालयमा राख्नु पर्नेछ ।

३.८.१.१ तीनपुस्ते नाम र ठेगाना ।

३.८.१.२ शेयरवालाको रूपमा निजको नाम दर्ता भएको मिति ।

३.८.१.३ निजले लिएको शेयरको प्रमाण-पत्रको क्रमसंख्या ।

३.८.१.४ निजले लिएको शेयरको जम्मा मोल मध्ये निजबाट असूल भएको रकम र

३.८.१.५ शेयरवालाको दर्ता किताबमा निजको नाम खारेज भएको मिति ।

तर श्री ५ को सरकार वा कुनै कम्पनी फर्म वा संगठित संस्था शेयरवाला भएकोमा उपदफा ३.८.१.१ बमोजिम तीनपुस्ते नामको सट्टा अवस्थानुसार श्री ५ को सरकार वा संगठित संस्थाको नाम मात्र जनाइनेछ ।

३.८.२ उपदफा ३.८.१ बमोजिम राखिएको किताब निगमको कुनै शेयर-वालाले निरीक्षण गर्न चाहेमा निरीक्षण गर्न दिनु पर्नेछ ।

तर नेपालको प्रमुख पत्र-पत्रिकाहरूमा सात दिन अगावै सूचना प्रकाशित गराई एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीन दिनसम्म निगमले सो किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

३.८.३ कसैले उपदफा ३.८.१ बमोजिमको किताबको नक्कल लिन चाहेमा उपदफा ३.८.२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक निगमले दश रूपैयाँ दस्तुर लिई नक्कल दिनु पर्नेछ ।

३.९ शेयर, डिवेन्चर, बण्ड र ऋणको लगतः

३.९.१ निगमले प्रत्येक वर्ष वार्षिक साधारण सभा हुँदा त्यस वर्ष कायम रहेका र खारेज भएका शेयरवालाहरूको लगत तयार गरी राख्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.९.२ उपदफा ३.९.१ बमोजिम तयार गिरिने लगतमा हाल र साविकका शेयरवालाहरूको नाम र ठेगाना लेखी हाल कायम रहेका शेयरवाला-हरूको नाममा रहेका शेयरको संख्या, निजहरू मध्ये कसैले शेयर हस्तान्तरण गरेको छ भने सो कुरा श्रेस्तामा जनाएको वा दाखिल खारेज भएको मिति र त्यस्ता शेयरको संख्या र सो कुराहरूका अतिरिक्त देहायका कुराहरू समेत स्पष्ट देखिने गरी तोकिएको ढांचामा राख्नु पर्नेछः–

३.९.२.१ निगमको अधिकृत पूंजी र शेयरको संख्या ।

३.९.२.२ जारी भएको शेयर पूंजी ।

३.९.२.३ शेयर पिच्छे किस्ता तलब भएको रकम ।

३.९.२.४ किस्ता असूल भएको जम्मा रकम ।

३.९.२.५ किस्ता असूल हुन बाँकी रहेको जम्मा रकम ।

३.९.२.६ शेयर, डिबेन्चर वा बण्डमा किस्ता भएको वा दलाली दस्तूर वापत दिएको जम्मा रकम ।

३.९.२.७ निगमबाट कुनै शेयर जफत गरिएको भए त्यस्तो शेयरको जम्मा संख्या, जफत भएको कारण र मिति ।

३.९.२.८ लगत तयार भएको मिति सम्म शेयरवालाहरूलाई प्रमाण-पत्र दिइएको शेयरको जम्मा रकम ।

३.९.२.९ शेयरको प्रत्येक प्रमाण-पत्रमा लेखिएको शेयरको संख्या ।

३.९.२.१० बहाल रहेको सञ्चालकको नाम र ठेगाना ।

३.९.२.११ निगमले आफ्नो जायजेथा धितो बन्धक राखी लिएको ऋण र जारी गरेको डिबेन्चर र बण्ड ।

३.९.२.१२ निगमले धितो बन्धक नराखी लिएको ऋण र जारी गरेको डिबेन्चर र बण्ड ।

३.९.२.१३ अन्य आवश्यक कुनै विषय ।

३.९.३ उपदफा ३.९.१ बमोजिम तयार गरिएको लगत निगमले प्रत्येक वर्ष वार्षिक साधारण सभा भएको मितिले पैंतीस दिनभित्र विभागमा पठाउनु पर्नेछ र त्यसमा लेखिएको सबै व्यहोरा ठीक दुरूस्त छ भन्ने प्रमाणित गरी निगमका दुईजना सञ्चालकले समेत सही गरेको हुनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१० शेयरको दावी: शेयरवालाहरूले निगमलाई तिर्नु पर्ने शेयरको किस्ताको बाँकी रकम वापत निजहरूका नाउँमा दर्ता रहेका शेयर र सो वापत बाँडिने मुनाफा समेत निगमले रोक्का गर्न र मुनाफाबाट लिन सक्नेछ ।

३.११ शेयर वापतको रकम भुक्तानी:

३.११.१ शेयरको किस्ता तलब गर्दा निगमले प्रत्येक शेयरवालाको नाममा शेयरवालाले किस्ता बुझाउनु पर्ने समय र स्थान खोली तीस दिनको म्याद दिई तोकिएबमोजिमको लिखित सूचना पठाउनु पर्नेछ र सो कुरा नेपालका प्रमुख पत्र-पत्रिकामा समेत प्रकाशित गराउनु पर्नेछ ।

३.११.२ शेयर वापतको रकम भुक्तानी किस्ता तलब गरिएको समयमा बुझाई चुक्ता गर्नु पनछ ।

३.११.३ कुनै शेयरवालाले शेयरको किस्ता तलब गरिएको रकम भुक्तान गर्नुपर्ने म्यादभित्र भुक्तान नगरेमा सो म्याद नाघेका मितिले पन्ध्र दिनको थप म्याद दिई सो म्यादभित्र बुझाउन ल्याए वार्षिक दश प्रतिशतका दरले व्याज समेत लगाई बुझिलिने र सो म्यादमा बुझाउन नल्याए निजको शेयर जफत हुने कुरा स्पष्ट खोली मनासिब म्याद तोकी सम्बन्धित शेयरवालालाई सूचना दिनु पर्नेछ र यस्तो सूचना प्रमुख पत्र-पत्रिकामा प्रकाशित गराउनु पर्नेछ । सो बमोजिमको सूचनाको म्यादभित्र किस्ता तलब गरिएको रकम बुझाउन ल्याए वार्षिक दश प्रतिशतका दरले व्याज समेत लगाई बुझिलिने र सो म्यादमा पनि किस्ता नबुझाएमा जुन शेयरको सम्बन्धमा सो सूचना दिइएको हो सो शेयर जफत हुनेछ । तर सो शेयरवालाले सो किस्ता बुझाउन नसकेको कुनै मनासिब कारण देखाई सो म्याद नाघेको तीन महीना भित्र दरखास्त दिएमा समितिले सो शेयर वापत भुक्तान भए जति रकमको चुक्ता किस्ताको शेयरको रूपमा कायम राख्न सक्नेछ ।

३.११.४ उपदफा ३.११.३ बमोजिम जफत गरिएको शेयर यो ऐन वा यस ऐन अन्तर्गत बनेका विनियमको अधीनमा रही समितिले मनासिब ठहराएको शर्त र तरीकाबाट बिक्री गर्न वा अरू कुनै प्रकारले दिन वा खारेज गर्न सक्नेछ ।

३.१२ शेयर, डिबेन्चरमा हकदार हुने: निगमको शेयर, डिबेन्चर इत्यादि निगमको रजिष्टरमा जसको नाममा दर्ता भएको छ निगमले उसैलाई त्यसको हकदार सम्झनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 682

३.१३ पूंजी बारेको सूचनाः निगमले उठाउने अधिकार पाएको पूंजी बारेको सूचना, विज्ञापन इत्यादि प्रकाशित गर्दा बिक्री गरिएको शेयर र त्यस मध्ये असूल भएको रकम समेत स्पष्ट देखिने गरी प्रकाशित गर्नु पर्नेछ ।

परिच्छेद–४
निगमको सभा र कामकाज

४.१ निगमको साधारण सभाः

४.१.१ निगमको साधारण सभा देहाय बमोजिम हुनेछन्ः–

४.१.१.१ वार्षिक साधारण सभा र

४.१.१.२ विशेष साधारण सभा ।

४.१.२ निगमको वार्षिक साधारण सभा गर्नको निमित्त कम्तीमा एक्काईस दिन अगावै र विशेष साधारण सभा गर्नको निमित्त कम्तीमा पन्ध्र दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली शेयरवाला- हरूलाई सूचना दिनु पर्नेछ र सो कुराको सूचना नेपालका प्रमुख पत्र- पत्रिकामा पनि प्रकाशित गर्नु पर्नेछ ।

४.१.३ देहायको अवस्थामा बाहेक उपदफा ४.१.२ बमोजिम पहिले नै सूचित नगरिएको विषयमा साधारण सभामा कुनै निर्णय गर्न सकिने छैनः–

४.१.३.१ यस ऐनका अन्य दफामा अन्यथा लेखिएकोमा बाहेक साधारण सभामा मतदान गर्न पाउने उपस्थित शेयर- वालाहरूको कम्तीमा तीन खण्डको दुई खण्डले कुनै विषयमा निर्णय लिने पक्षमा मतदान गरेमा, वा

४.१.३.२ स्थगित भएको कुनै साधारण सभामा छलफलको निमित्त सूचित गरिएको कुनै विषय भएमा ।

४.२ शेयरवालाहरूको दर्ता किताब प्राप्त गराउनेः प्रत्येक साधारण सभामा शेयर- वालाहरूको दर्ता किताब शेयरवालाहरूले चाहेमा हेर्न पाउने गरी राख्नु पर्नेछ ।

४.३ सञ्चालकहरू यथासम्भव साधारण सभामा उपस्थित रहनेः यथासम्भव प्रत्येक सञ्चालक साधारण सभामा उपस्थित रहनु पर्नेछ । साधारण सभामा निगमको हिसाब किताबका सम्बन्धमा छलफल हुने भएमा वा कुनै कारणले लेखापरीक्षक- को उपस्थिति आवश्यक हुने भएमा कम्तीमा एक जना लेखापरीक्षक उपस्थित भएको हुनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.४ सभाको वैधानिकता: कुनै साधारण सभाको सम्बन्धमा त्यसको नियमितता वा वैधानिकताको प्रश्न उठेमा दफा ४.८ बमोजिम गणपूरक संख्या पुगेको सभाले सभा गर्न मञ्जूर गरेमा सो साधारण सभा रीतपूर्वक बोलाइएको मानिनेछ ।

४.५ सभामा भाग लिन र मतदान गर्न नपाउने अवस्था:

४.५.१ आफू र निगमको बीचमा भएको कुनै शर्त बन्देजका सम्बन्धमा हुने छलफलमा कुनै व्यक्तिले शेयरवालाको हैसियतबाट आफैं वा आफ्नो प्रतिनिधिद्वारा साधारण सभामा भागलिन र मतदान गर्न पाउने छैन ।

तर निजलाई आफ्नो व्यहोरा स्पष्ट गर्नसम्म सभामा उपस्थित हुने मौका दिन सकिनेछ ।

४.५.२ आफूले गरेको वा गर्न छुटचाएको कामको जवाफदेही वा आफूलाई नियुक्त गर्ने, कार्यभारबाट मुक्त गर्ने, सरुवा गर्ने, थाम्ने, भत्ता वा बोनस दिने वा घटाउने वा बढाउने वा आफ्नो नोकरी वा आफ्नो सरोकार वा स्वार्थ भएको कुनै सम्झौता, करार वा ठेक्का पट्टाका सम्बन्धमा साधारण सभामा कुनै छलफलमा कुनै सञ्चालकले मतदान गर्न पाउने छैन ।

४.५.३ लेखापरीक्षकको नियुक्तिको सम्बन्धमा हुने साधारण सभामा कुनै सञ्चालक, निजको हिस्सेदार वा प्रतिनिधिले मतदान गर्न पाउने छैन ।

४.५.४ किस्ता तलब गरिएको शेयरको किस्ता भुक्तान नगर्ने शेयरवालाले साधारण सभामा मतदान गर्न पाउने छैन ।

४.६ साधारण सभामा मतदान गर्ने अधिकार:

४.६.१ शेयरवालाहरूको दर्ता किताबमा शेयरवालाको रूपमा नाम दर्ता रहेको व्यक्तिलाई मात्र दफा ४.५ मा लेखिएका कुराहरूका अधीनमा रही साधारण सभामा उपस्थित भई आफूले लिएको प्रत्येक शेयरको एउटा मतको हिसाबले मतदान गर्ने अधिकार हुनेछ ।

४.६.२ उपदफा ४.६.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदानको अधिकार पाएका शेयरवाला सभामा स्वयं उपस्थित हुन नसक्ने भएमा निजले आफ्नो प्रतिनिधिद्वारा मतदान दिन तोकिएको ढांचामा दरखास्त लेखी सहिछाप गरी अर्को शेयरवालालाई आफ्नो प्रतिनिधि मनोनीत गर्न सक्नेछ ।

४.६.३ साझा गरी एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिइएकोमा त्यस्ता साझेदारहरूद्वारा मनोनीत गरिएको साझेदारले वा निजले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

684

उपदफा ४.६.२ बमोजिम मनोनीत गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनीत हुन नसकेकोमा शेयरवालाहरूको दर्ता किताबमा साझेदारहरूमध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ, सो साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

४.७ सञ्चालक नियुक्त गर्दा मतदान गर्ने अधिकारः सञ्चालक नियुक्ति गर्न मतदान गर्दा प्रत्येक शेयरवालालाई निजले लिएको शेयर संख्याले नियुक्त गर्नु पर्ने सञ्चालकको संख्यालाई गुणन गर्दा हुने संख्या बराबरको मतको हिसाबले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरवालाले आफ्नो सबै मत एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई निजले तोकेबमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ ।

तर श्री ५ को सरकारले उपदफा ५.१.३ बमोजिम सञ्चालक नियुक्त गर्ने भएमा यस दफा बमोजिम हुने मतदानमा मतदान गर्न पाउने छैन ।

४.८ गणपूरक संख्याः

४.८.१ निगमको कूल शेयर संख्याको सतसट्ठी प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरवालाहरूमध्ये दश प्रतिशत शेयरवालाहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई सभाको काम कारवाही हुने छैन ।

तर सो बमोजिम साधारण सभा गर्नलाई कम्तीमा सात जना शेयरवालाहरूको उपस्थिति अनिवार्य हुनेछ ।

४.८.२ उपदफा ४.८.१ मा लेखिए बमोजिमको संख्यामा शेयरवालाहरू उपस्थित नभएकोले सभा हुन नसकेमा कम्तीमा सात दिनको सूचना दिई अर्को पटक सभा बोलाउँदा कूल शेयर संख्याको तेंत्तीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी साधारण सभामा उपस्थित भई मतदान गर्न पाउने कम्तीमा पाँच जना शेयरवालाहरू स्वयं उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

४.८.३ विशेष प्रस्ताव पेश गर्ने भनी बोलाइएको साधारण सभामा त्यस्तो प्रस्ताव उपर छलफल गर्न कूल शेयर संख्याको पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरवालाहरूमध्ये पन्ध्र प्रतिशत शेयरवालाहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु अनिवार्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
684

४.८.४ उपदफा ४.८.३ मा लेखिए बमोजिमको संख्यामा शेयरवालाहरू उपस्थित नभएकोले सभा हुन नसकेकोमा कम्तीमा सात दिनको सूचना दिई अर्को पटक सभा बोलाउँदा कूल शेयर संख्याको पचास प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरवालाहरूमध्ये दश प्रतिशत शेयरवालाहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

४.९ छलफल र निर्णयः

४.९.१ साधारण सभाको सभापतित्व समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित शेयरवालाहरूले बहुमतद्वारा आफू मध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

४.९.२ साधारण सभामा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेश गर्नु पर्नेछ ।

४.९.३ मतदान गरिएको प्रत्येक विषयमा दफा ४.८ बमोजिमको गणपूरक संख्या पुगेको सभाको बहुमतको रायलाई सो सभाको निर्णय मानिनेछ र मतदान हुँदा पक्ष र विपक्षमा मत बराबर हुन आएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर विशेष प्रस्तावको हकमा उपदफा ४.५.२ को अधीनमा रही गणपूरक संख्याको साठी प्रतिशतले प्रस्तावको पक्षमा मत दिएमा मात्र सो प्रस्ताव सभाद्वारा स्वीकृत भएको मानिनेछ ।

४.१० माईन्यूट राख्नुपर्नेः

४.१०.१ निगमले प्रत्येक साधारण सभामा भएको काम कारवाहीको विवरण (माईन्यूट) एउटा छुट्टै किताबमा लेख्न लगाउनु पर्नेछ र सो विवरणमा सभापतित्व गर्ने व्यक्ति र सो सभामा उपस्थित एकजना सञ्चालक र एकजना शेयरवालाको दस्तखत भएको हुनु पर्नेछ ।

४.१०.२ उपदफा ४.१०.१ बमोजिमको विवरण लेख्दा सभाको सूचना कसरी जारी गरी कति शेयरवालाहरू उपस्थित भए, शेयर मूल्यको जम्मा कति प्रतिशतको प्रतिनिधित्व भएको थियो, त्यस मध्ये कति शेयर-वालाहरू मतदानमा भाग लिन पाउने र कति नपाउने थिए, सभामा के के निर्णय गरियो र मतदान भएकोमा मतदानको परिणाम इत्यादि सबै कुराहरू खुलाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 685

४.१०.३ प्रत्येक साधारण सभा भएको पन्ध्र दिनभित्र यस दफा बमोजिम लेखिएको विवरण शेयरवालाहरूलाई पठाइदिनु पर्नेछ ।

४.११ वार्षिक साधारण सभाः निगमले प्रत्येक वर्ष निगमको आर्थिक वर्ष पूरा भएको नौ महीनाभित्र वार्षिक साधारण सभा गर्नु पर्नेछ ।

४.१२ वार्षिक साधारण सभामा पेश र छलफल गर्नु पर्ने विषयहरूः

४.१२.१ वार्षिक साधारण सभामा सञ्चालकहरूले लेखापरीक्षण भइसकेको दफा ७.२ बमोजिमको निगमको वासलात र गत वर्षको नाफा नोक्सानको हिसाब पेश गर्नु पर्नेछ ।

४.१२.२ जम्मा मत संख्याको कम्तीमा पाँच प्रतिशत मतको प्रतिनिधित्व गर्ने शेयरवाला वा शेयरवालाहरूले चाहेमा उपदफा ४.१.२ बमोजिम सूचना जारी हुनुभन्दा अगावै अध्यक्ष समक्ष दरखास्त दिई कुनै विषय वार्षिक साधारण सभामा छलफल र निर्णयका लागि पेश गर्न सक्नेछन् ।

४.१२.३ उपदफा ४.१२.१ र ४.१२.२ बमोजिम पेश भएका विषयहरूका अतिरिक्त वार्षिक साधारण सभामा निगमको हिसाब किताब, समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन, शेयरवालाहरूमा बाँडिने मुनाफा, सञ्चालक र लेखापरीक्षकको नियुक्ति र लेखापरीक्षकको पारिश्रमिक इत्यादि उपर विचार गर्नु पर्नेछ । तर साधारण सभाले शेयरवालाहरूमा बाँडिने मुनाफा उपर निर्णय लिंदा शेयरवालाहरूलाई बाँडिने लाभांशको दर समितिले सिफारिश गरेकोभन्दा बढी हुनु हुँदैन ।

४.१३ वार्षिक साधारण सभाको निमित्त कागजात तयार राख्नेः दफा ४.१२ बमोजिम वार्षिक साधारण सभामा छलफल गरिने लिखत, प्रस्ताव र विवरणहरू सभा हुनुभन्दा कम्तीमा पैंतीस दिन अगावै निगमको केन्द्रीय कार्यालयमा तयार गरी राख्नु पर्नेछ र कुनै शेयरवालाले अनुरोध गरेमा निजलाई त्यसको एक प्रति नक्कल दिनु पर्नेछ ।

४.१४ वासलात इत्यादि विभागमा पठाउनेः वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित शेयरवालाहरूको संख्या, विचार गरिएको प्रस्ताव, वासलात र नाफा नोक्सानीको हिसाब, समिति र लेखापरीक्षकको प्रतिवेदन तथा वासलात साधारण सभाद्वारा स्वीकृत भए नभएको कुराको विवरण समेत विभागमा पठाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.१५ विशेष साधारण सभाः

४.१५.१ आवश्यक देखिएमा समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

४.१५.२ निगमको हिसाब किताबको जाँचबुझ गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखिएमा लेखापरीक्षकले त्यस्तो सभा बोलाउनको निमित्त समितिलाई अनुरोध गर्न सक्नेछ र सो बमोजिम समितिले सभा बोलाइनदिएमा लेखापरीक्षकले सो कुरा खोली विभागमा दरखास्त दिन सक्नेछ र सो बमोजिम दरखास्त परेमा विभागले निगमको विशेष साधारण सभा बोलाइदिन सक्नेछ ।

४.१५.३ निगमको चुक्ता पूंजीको कम्तीमा दश प्रतिशत शेयर लिने शेयरवालाहरूले वा शेयरवालाहरूको जम्मा संख्याको कम्तीमा पच्चीस प्रतिशत शेयरवालाहरूले कारण खोली विशेष साधारण सभा गराउन निगमको केन्द्रीय कार्यालयमा दरखास्त पठाई माग गरेमा समितिले निगमको विशेष साधारण सभा बोलाउनु पर्नेछ । त्यस्तो दरखास्त परेको मितिले पैंतीस दिनभित्र समितिले विशेष साधारणसभा बोलाइनदिएमा सम्बन्धित शेयरवालाहरूले सो कुरा खोली विभागमा उजूर गर्न सक्नेछन् र त्यस्तो उजूर परेमा विभागले त्यस्तो सभा बोलाइदिन सक्नेछ ।

४.१५.४ निरीक्षण जाँचको फलस्वरूप वा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखिएमा श्री ५ को सरकारले त्यस्तो सभा विभाग वा समितिद्वारा बोलाउन लगाउन सक्नेछ ।

परिच्छेद–५

सञ्चालक समिति

५.१ सञ्चालक समितिको गठनः

५.१.१ निगममा एक सञ्चालक समिति हुनेछ ।

५.१.२ उपदफा ५.१.१ बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

५.१.२.१ पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने शेयरवालाहरूबाट मनोनीत व्यक्ति – अध्यक्ष

५.१.२.२ निगमको साधारण सभाबाट निर्वाचित छ जना व्यक्तिहरू – सदस्य

५.१.२.३ निगमको साधारण सभाबाट मनोनीत औद्योगिक, बैंकिङ्ग व्यवसायमा ख्याती प्राप्त व्यक्तिहरू मध्येबाट एकजना व्यक्ति – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.१.२.४ निगमको महाप्रबन्धक —सदस्य

५.१.३ श्री ५ को सरकार वा संगठित संस्थाले शेयर लिएकोमा त्यस्तो शेयरको मूल्यको दामासाहीले हुन आउने सञ्चालकहरू श्री ५ को सरकार वा संस्थाले नियुक्त गर्न सक्नेछ ।

५.१.४ उपदफा ५.१.३ बमोजिम श्री ५ को सरकार वा संगठित संस्थाले नियुक्ति गरेका सञ्चालकहरूको अधिकार र दायित्व साधारण सभाबाट निर्वाचित सञ्चालकहरूको सरह हुनेछ ।

५.१.५ अध्यक्षको कार्यावधि पाँच वर्षको हुनेछ र अन्य सञ्चालकहरूको कार्यावधि दुई वर्षको हुनेछ निजहरू पुनः मनोनीत वा निर्वाचित हुन सक्नेछन् ।

५.१.६ यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा ५.१.३ बमोजिम नियुक्त भएका सञ्चालकलाई श्री ५ को सरकार वा संस्थाले जुनसुकै बखत हेरफेर गर्न सक्नेछ ।

५.१.७ कार्यावधि पूरा नहुँदै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गरिनेछ ।

५.१.८ समितिले तोकिदिएको निगमको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ ।

५.२ सञ्चालक हुनको निमित्त लिनु पर्ने शेयरः निगमको सञ्चालकमा नियुक्त हुनको निमित्त तोकिएबमोजिमको शेयर लिएको हुनु पर्नेछ ।

तर श्री ५ को सरकार वा साधारण सभाबाट मनोनयन हुने सञ्चालक-हरूलाई शेयर लिन कर लाग्ने छैन ।

५.३ सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन नसक्ने अवस्थाः

५.३.१ देहायको कुनै व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन सक्ने छैनः—

५.३.१.१ एक्काईस वर्ष उमेर नपुगेको,

५.३.१.२ मगज बिग्रेको वा बौलाएको,

५.३.१.३ साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

५.३.१.४ कुनै प्रकारको चोरी वा ठगी गरेको वा आफ्ना जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.३.१.५ निगमको कुनै ठेक्का पट्टा वा करारमा कुनै प्रकारको निजी स्वार्थ भएको ।

५.३.२ देहायको अवस्थामा कुनै व्यक्ति सञ्चालकको पदमा बहाल रहने छैनः—

५.३.२.१ उपदफा ५.३.१ मा लेखिए बमोजिम सञ्चालकको पदमा नियुक्त हुन नसक्ने अवस्थाको भएमा,

५.३.२.२ उचित कारण खोली समितिलाई जनाउ नदिई लगातार तीन पटक सो समितिको बैठकमा अनुपस्थित भएमा,

५.३.२.३ समिति वा समितिको निर्णय विरूद्ध कुनै काम गरेमा,

५.३.२.४ साधारण सभाको दुई तिहाई बहुमतले निजलाई सञ्चालकको पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

५.३.२.५ निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

५.३.२.६ निगमको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा, वा

५.३.२.७ यस ऐन बमोजिम सञ्चालकको पदबाट झिकिने कुनै कसूर गरेमा ।

५.३.३ उपदफा ५.३.१ र ५.३.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि—

५.३.३.१ साधारण सभाको निर्णय र श्री ५ को सरकारको स्वीकृति प्राप्त भएमा उपदफा ५.३.१.५ मा लेखिएको कुनै व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन र बहाल रहन सक्नेछ ।

५.३.३.२ सरकारी चिकित्सकद्वारा प्रमाणित नभएसम्म कुन व्यक्तिका सम्बन्धमा उपदफा ५.३.१.१ वा ५.३.१.२ मा लेखिएको अयोग्यता लागू हुने छैन ।

५.३.३.३ कुनै व्यक्तिलाई सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई सो कुराको सूचना दिई निजले सफाइको सबूद पेश गरे त्यसको समेत विचार गर्नु पर्नेछ ।

५.३.३.४ श्री ५ को सरकार वा संगठित संस्थाको तर्फबाट नियुक्त भएको सञ्चालकको हकमा उपदफा ५.३.२.२ र ५.३.२.४ लागू हुने छैन ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.४ सञ्चालकहरूको पारिश्रमिक, भत्ता, पुरस्कार इत्यादिः

५.४.१ सञ्चालकहरूले बैठकमा उपस्थित भए वापत पाउने पारिश्रमिक साधारण सभाद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

५.४.२ सञ्चालकहरूको मासिक पारिश्रमिक र निगमको काम गर्दाको दैनिक एवं भ्रमण भत्ता तोकिएबमोजिम हुनेछ ।

५.४.३ साधारण सभाले सञ्चालकहरूलाई प्रोत्साहन दिन श्री ५ को सरकारको स्वीकृति लिई खास मुनाफाको पाँच प्रतिशतमा नबढाई पुरस्कार दिन सक्नेछ ।

५.५ समितिको काम, कर्तव्य र अधिकारः

५.५.१ यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियम र साधारण सभाद्वारा समय समयमा भएका निर्णयको अधीनमा रही निगमको सम्पूर्ण कारोवारको प्रबन्ध गर्नु, अधिकारहरूको प्रयोग तथा कर्तव्यहरूको पालन गर्नु र निगमको सामान्य प्रशासनको सञ्चालन, निर्देशन, रेखदेख र नियन्त्रण गर्नु समितिको कर्तव्य हुनेछ ।

५.५.२ समितिले आफूले प्रयोग गर्न पाउने अधिकारहरूमध्ये सबै वा केही अधिकारहरू कुनै सञ्चालक, उप-समिति, महाप्रबन्धक वा निगमको कुनै अधिकृत कर्मचारीलाई सुम्पन सक्नेछ ।

५.६ समितिको बैठकः

५.६.१ समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नेछ र दुई बैठकको बीचको अवधि तीन महीना भन्दा बढी हुने छैन ।

५.६.२ समितिको बैठकमा सञ्चालकहरू स्वयं उपस्थित हुनु पर्नेछ ।

५.६.३ बैठकमा उपस्थित भई मतदान गर्न अधिकार प्राप्त सञ्चालकहरूको जम्मा संख्याको कम्तीमा पचास प्रतिशत सञ्चालकहरू उपस्थित नभई समितिको कुनै बैठक बस्ने छैन ।

५.६.४ समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

५.६.५ समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण छुट्टै किताबमा लेखी राख्नु पर्नेछ ।

५.६.६ समितिको बैठक सम्बन्धी अन्य कुराहरू समिति आफैले निर्धारण गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.७ सञ्चालकहरू जवाफदेहीः

५.७.१ निगमको कुनै सञ्चालकले जानी जानी वा लापरवाही गरी निगमलाई हानी नोक्सानी गरे वा गराएमा त्यस्तो हानी नोक्सानी निगमको प्रत्येक सञ्चालकको घर घरानाबाट दामासाहीले असूल उपर गरिनेछ र कुनै सञ्चालकबाट असूलउपर हुन नसके जति बाँकी अरू सञ्चालकहरूबाट दामासाहीले असूल उपर गरिनेछ ।

तर त्यस्तो नोक्सानी जुन काम कुराबाट हुन गएको छ सो काम कुरा प्रति लिखित रूपमा आफ्नो विरोध जनाउने वा त्यस्तो काम कुरा हुन लागेको थाहा नपाउने सञ्चालकले त्यस्तो हानी नोक्सानी व्यहोर्नु पर्ने छैन ।

५.७.२ साधारण सभाको निर्णय र श्री ५ को सरकारको स्वीकृति बमोजिम बाहेक कुनै सञ्चालकले निगम मार्फत आफूलाई व्यक्तिगत फाइदा हुने काम गर्नु गराउनु हुँदैन ।

५.७.३ कुनै सञ्चालकले आफ्नो अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारवाही प्रति निज स्वयं उत्तरदायी हुनु पर्नेछ । निगम उत्तरदायी हुने छैन ।

५.८ भइसकेको काम कारवाहीको मान्यताः कुनै सञ्चालकको नियुक्तिका सम्बन्धमा यस ऐन अन्तर्गतको कुनै व्यवस्थाको पालन भएको छैन भन्ने कुरा पछि पत्ता लागेमा सो पत्ता लाग्नु भन्दा अगावै त्यस्तो सञ्चालकले गरेको काम कारवाही सो कुराले मात्र बदर हुने छैन ।

परिच्छेद–६

निगमको काम, कर्तव्य र अधिकार

६.१ निगमको कामः

६.१.१ यस ऐनको अधीनमा रही निगमले देहायका कामहरू गर्न सक्नेछः–

६.१.१.१ निगमले उपयुक्त ठहराएका उद्योगहरूलाई देहाय बमोजिम सहयोग प्रदान गर्ने :–

६.१.१.१.१ प्राविधिक र आर्थिक दृष्टिले सम्भाव्य ठहरिएका उद्योगहरूको स्थापना, सञ्चालन र आधुनिकीकरण, विविधीकरण, विस्तृतीकरण तथा उत्पादकत्वमा वृद्धि गर्नको लागि तोकिए

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम ऋण सुविधा उपलब्ध गराउने ।

६.१.१.१.२ उद्योगहरूको स्थापना गर्ने गराउने र तिनीहरूको शेयर तथा डिवेन्चर खरिद गर्ने वा त्यस्तो शेयर तथा डिवेन्चरको प्रत्याभूत (अण्डर-राइट) गर्ने ।

६.१.१.१.३ कुनै स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाबाट ऋण उपलब्ध गराउन ऋणी उद्योगको जमानी बसी दिने ।

६.१.१.१.४ उद्योगहरूलाई बैंक वा अरू वित्तीय संस्थाहरूसंग समूहीकृत भई वा नभई सह-वित्तीयकरणको आधारमा ऋण दिने दिलाउने ।

६.१.१.१.५ उद्योगहरूलाई आवश्यक पर्ने प्लाण्ट, मेशिनरी, इक्युपमेण्ट जमानी बसी उधारो पट्टामा (लेण्ड लिजमा) वा बहाल पट्टामा (रेण्ट लिजमा) दिलाउने ।

६.१.१.१.६ उद्योगहरूको चल अचल सम्पत्ति वा कच्चा पदार्थ वा अर्ध तयारी वा तयारी सामान उद्योगले नै प्रयोग गर्न पाउने (हाइपोथिकेशन) गरी बन्धक लिई ऋण दिने ।

६.१.१.१.७ उद्योगहरूलाई जायजेथाको स्वामित्वको प्रमाण-पत्र, (टाइटल डिड), विनिमयपत्र, प्रतिज्ञापत्र, सीमित दायित्व भएको कम्पनीको शेयर, डिवेन्चर वा श्री ५ को सरकारको ऋण-पत्रलाई अतिरिक्त धितो मानी ऋण दिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१.१.२ डिबेञ्चर वा बण्ड जारी गर्ने ।

६.१.१.३ प्रचलित नेपाल कानून बमोजिम धितोपत्र कारोवार गर्न मान्यता प्राप्त संस्था मार्फत औद्योगिक प्रतिष्ठानहरूको शेयर, डिबेञ्चर वा बण्ड खरिद बिक्री गर्ने ।

६.१.१.४ सेवा शुल्क लिई वा नलिई उद्योग स्थापना र सञ्चालन सम्बन्धी सबै प्रकारको अध्ययन, अनुसन्धान, सर्वेक्षण, विश्लेषण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने ।

६.१.१.५ मर्चेण्ट बैंकिंग सम्बन्धी काम गर्ने ।

६.१.१.६ औद्योगिक प्रवर्द्धन गर्नको लागि वाणिज्य बैंक सम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही आवश्यक पूंजी परिचालन गर्ने र बैंकिग सुविधा उपलब्ध गराउने ।

६.१.१.७ यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक र सम्बद्ध देखिएका अन्य कार्यहरू गर्ने ।

६.१.२ उद्योगहरूलाई ऋण उपलब्ध गराए वापत निगमले तोकिएबमोजिमको ब्याज दस्तुर, थप दस्तूर धितो वा जमानत लिन सक्नेछ ।

६.१.३ निगमले यस ऐन बमोजिम ऋण उपलब्ध गराएका उद्योगहरूको सुपरिवेक्षण गर्न सक्नेछ ।

६.१.४ निगमले यस ऐन बमोजिम उद्योगहरूलाई प्रत्याभूत सेवा, जमानत बस्ने सेवा, प्राविधिक, व्यवस्थापन वा अन्य परामर्श सेवा पुऱ्याए वापत तोकिएबमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

६.२ शर्तहरू राख्ने अधिकारः

६.२.१ निगमले कुनै उद्योगसंग कारोवार गर्दा वा कुनै उद्योगलाई ऋण दिंदा आफ्नो हितको संरक्षण र आफूले प्रदान गरेको ऋण वा सुविधाको उचित प्रयोगका लागि आवश्यकता अनुसार शर्त राखी लिखत गराउन सक्नेछ ।

६.२.२ प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा ६.२.१ बमोजिम लिखत गराउँदा निगमले जतिसुकै अवधिको भाखा राख्न, निगमले तोकेको शर्त भङ्ग गरेमा ऋणी उद्योगले लिइसकेको ऋणको साँवा ब्याज फिर्ता बुझाउन लगाउने वा लिखत गराइलिएको सम्पत्ति र जमानतबाट असूल गर्न सक्ने गरी शर्त तोक्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.२.३ उपदफा ६.२.१ बमोजिम शर्तहरू तोक्दा निगमले उद्योगको सञ्चालक समितिमा सञ्चालक नियुक्ति गर्ने शर्त समेत राख्न सक्नेछ र त्यस्तो शर्त रहेकोमा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सोही शर्त बमोजिम हुनेछ ।

६.२.४ निगमले कुनै उद्योगलाई ऋण दिंदा सो उद्योगलाई दिइने कूल ऋण रकमको एकै पटक लिखत गराई उद्योगले ऋणको किस्ता प्राप्त गरेको मितिदेखि त्यसको ब्याज हिसाब गर्ने गरी तोकिएबमोजिम किस्ताबन्दीमा नगद, चेक वा लेटर अफ कमिटमेण्ट वा लेटर अफ क्रेडिटको रूपमा ऋण प्रदान गर्दै जाने शर्त राख्न सक्नेछ ।

६.३ निगमले पाउने विशेष छुटः

६.३.१ निगमले ऋणी उद्योग वा जमानीबाट लिखत गराई धितो लिंदा वा धितो लिएको सम्पत्ति निगमको नाममा पारित गराई लिंदा वा निगमले अचल सम्पत्ति खरिद बिक्री गर्दा त्यस्तो कारोवारमा आय टिकट वा रजिष्ट्रेशन दस्तूर लाग्ने छैन ।

६.३.२ लिखत गराई धितो लिएको जायजेथाबाट निगमले उद्योगसंग लिनु पर्ने सम्पूर्ण रकम असूल हुन नसकेमा प्रचलित नेपाल कानून बमोजिम ऋणी उद्योगको अन्य सम्पत्तिबाट त्यस्तो बाँकी रकम असूल उपर गर्न सक्नेछ ।

६.३.३ निगमले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्यादभित्र धितो कब्जा गर्न वा ऋण असूली गर्न कारवाही नगरेको कारणले मात्र धितो माथिको अधिकार समाप्त हुने छैन ।

६.३.४ लिखतमा उल्लेखित शर्त बमोजिम धितो कब्जा गरेको, भोगचलन गरेको, भाडा वा ठेक्का पट्टामा दिएको वा मुनाफा बाँड्ने गरी अरूलाई सञ्चालन गर्न दिएकोमा त्यस्तो कारणले मात्र निगमले लिन पाउने किस्ता खिलाफ गरे वापतको ब्याज तथा थप दस्तूर वा धितो बिक्री गर्न पाउने अधिकारमा असर पर्ने छैन ।

६.४ सम्झौता उल्लङ्घन गरेमा निगमको अधिकारः

६.४.१ कुनै उद्योगले निगमलाई बुझाउनु पर्ने किस्ता वा सो को ब्याज वा तोकिएबमोजिमको थप दस्तूर नबुझाएमा वा निगमसंग भएको लिखतको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शर्त उल्लङ्घन गरेमा शर्त बमोजिम भाखाको अवधि नपुगेको भए तापनि निगमले ऋणी उद्योगको व्यवस्थापन तथा आर्थिक कारोबारमा नियन्त्रण गरी वा सो ऋण बापत धितो रहेको वा ऋणी उद्योगका अन्य सम्पत्तिहरू कब्जा गरी चलन गर्न, बहाल वा ठेक्का पट्टामा दिन वा लिलाम बढाबढ वा बोलपत्र वा आपसी छलफल (निगोशिएशन) द्वारा बिक्री गरी आफूले लिनु पर्ने रकम असूल उपर गर्न सक्नेछ ।

६.४.२ उपदफा ६.४.१ बमोजिम ऋणी उद्योगले दिएको धितो वा उक्त उद्योगको अन्य सम्पत्ति कब्जा गरी लिलाम बढाबढ वा बोलपत्रद्वारा बिक्री गरेकोमा निगमले लिनु पर्ने रकम लिई बढी भएको रकम सम्बन्धित उद्योगका धनीलाई नै दिइनेछ ।

६.४.३ उपदफा ६.४.१ बमोजिम लिलाम बढाबढ वा बोलपत्रद्वारा ऋणी उद्योगको सम्पत्ति लिलाम बिक्री भएमा वा त्यसरी लिलाम बिक्री गर्न पटक पटक प्रयास गर्दा पनि बिक्री हुन नसकेमा वा प्राप्त मूल्यमा बिक्री गर्दा निगमको हितमा नहुने भई सो सम्पत्तिको स्वामित्व निगमले आफैले लिने निर्णय भएमा दाखिल खारेज गर्ने अड्डाले त्यसरी लिलाम बिक्रीबाट लिने व्यक्ति वा निगमको नाममा दाखिल खारेज गरिदिनु पर्नेछ ।

६.५ सम्झौताको म्याद समाप्त हुनु अगावै ऋण दिइएको रकमको फिर्ता भुक्तानी माग गर्ने अधिकार:

६.५.१ निगमले देहायको अवस्थामा सम्झौताको म्याद समाप्त हुनु अगावै लिखित सूचना दिई ऋणी उद्योगसंग आफूले लिनु पर्ने रकमको फिर्ता भुक्तानी माग्न सक्नेछ:–

६.५.१.१ ऋणी उद्योगले ऋणको लागि दिएको दरखास्तमा कुनै विषयमा झुट्ठो वा भ्रमात्मक विवरण दिएको छ भन्ने समितिलाई लागेमा ।

६.५.१.२ ऋणी उद्योगले निगमसंग गरेको ऋण सम्झौतामा उल्लेख भएका शर्तहरू पूरा गर्न नसकेमा ।

६.५.१.३ ऋणी उद्योगले निगमलाई धितो, जमानी वा बन्धक दिएको सम्पत्ति उचित तरीकाबाट बीमा नगरेमा वा सो सम्पत्तिको मूल्यमा ह्रास भई समितिले थप धितो माग गरेकोमा त्यस्तो थप धितो नराखेमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.६ सम्झौता बमोजिम हुने: निगमलाई आर्थिक सहायता वा ऋण दिने विदेशी राष्ट्र वा विदेशी वा अन्तर्राष्ट्रिय संस्था र निगम बीच ऋण वा सहायता सम्बन्धमा उठेको विवादको समाधान गर्ने सम्बन्धमा सो सम्झौतामा कुनै खास व्यवस्था गरिएको रहेछ भने सोही बमोजिम हुनेछ ।

परिच्छेद–७

निगमको हिसाब किताब र स्रेस्ता

७.१ निगमको स्रेस्ता इत्यादि:

७.१.१ निगमले आफ्नो हिसाब किताबको स्रेस्ता नेपालीमा रितपूर्वक खडा गरी राख्नु पर्नेछ । निगमले आफ्नो सुविधाको लागि नेपाली साथै अंग्रेजी भाषामा पनि स्रेस्ता राख्न सक्नेछ । तर सो बमोजिम दुईवटा स्रेस्ता राखिएकोमा नेपालीमा राखिएको स्रेस्ता नै आधिकारिक स्रेस्ता मानिनेछ ।

७.१.२ उपदफा ७.१.१ बमोजिम राखिने स्रेस्तामा निगमको काम कारवाहीको वास्तविक स्थिति यथार्थ थाहा हुने गरी निगमले गरेको लगानी, दिए लिएको ऋण तथा आर्थिक कारोवार र प्रत्येक आम्दानी खर्चको व्यहोरा, मालसामानहरूको खरिद र बिक्री र निगमको जायजेथा र दायित्वको विस्तृत विवरण स्पष्ट रूपमा खोली लेखिएको हुनु पर्नेछ ।

७.१.३ श्री ५ को सरकारले स्वीकृति दिएकोमा बाहेक यस दफा बमोजिमको स्रेस्ता निगमको कार्यालयमा बाहेक अन्यत्र राख्न पाइने छैन र सञ्चालकले सो स्रेस्ता निरीक्षण गर्न चाहेमा जहिले सुकै पनि निरीक्षण गर्न सक्नेछ ।

७.१.४ समितिले तोकिदिएको रकम बाहेक निगमको अरू नगद मौज्दात बैंक भएको ठाउँमा बैंकमा नै राख्नु पर्नेछ ।

७.१.५ निगमले प्रत्येक तीन तीन महीनामा आफ्ना शाखाहरूबाट हिसाबको फाँटवारी मगाई अद्यावधिक गरी राख्नु पर्नेछ ।

७.२ वासलात (बैलेन्स सिट) तयार गर्नु पर्ने:

७.२.१ समितिले प्रत्येक वर्ष वार्षिक साधारण सभा हुनु भन्दा कम्तीमा पैंतीस दिन अगावै समितिको प्रतिवेदन र नेपाल राष्ट्र बैंकले तोकिदिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
620

ढाँचामा निगमको नाफा नोक्सानीको फाँटवारी र वासलात तयार गरी राख्नु पर्नेछ । नाफा नोक्सानको फाँटवारी र वासलात लेखापरीक्षण भएको र सञ्चालकहरूको सही भएको हुनु पर्नेछ ।

७.२.२ उपदफा ७.२.१ को तात्पर्यका लागि नाफा नोक्सानीको फाँटवारी तयार गर्दा अघिल्लो आर्थिक वर्षको फाँटवारी समेत समावेश गरेको हुनु पर्नेछ ।

७.२.३ लेखापरीक्षकले परीक्षण गरेको वासलात र नाफा नोक्सानी फाँटवारी सहितको आफ्नो प्रतिवेदनको एक प्रति सामूहिक रूपमा शेयरवालाहरूको नाममा सम्बोधन गरी निगमको कार्यालयमा र अर्को एक प्रति विभागमा पठाउनु पर्नेछ ।

७.२.४ समितिको प्रतिवेदन र उपदफा ७.२.३ बमोजिम लेखापरीक्षकले दिने प्रतिवेदनमा निगमको वास्तविक स्थिति देखाइएको हुनु पर्नेछ । सो प्रतिवेदनमा समितिले जगेडा कोषमा जम्मा गर्ने रकम भए सो र बाँडिने लाभांश समेत सिफारिश गर्नु पर्नेछ । साथै निगम वा निगमका शाखाको कारोबारमा वा सो सम्बन्धी कुनै विषयमा भएको हेरफेर र हानी नोक्सानी समेत उक्त प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

७.२.५ यस दफा बमोजिम तयार गरिएको वासलात निगमको कुनै शेयर-वालाले निरीक्षण गर्न चाहेमा निरीक्षण गर्न पाउने गरी खुला राख्नु पर्नेछ ।

परिच्छेद–८

लेखापरीक्षण

८.१ लेखापरीक्षकको नियुक्तिः

८.१.१ महालेखापरीक्षकको विभागबाट प्रमाण-पत्र पाई कायम रहेका लेखापरीक्षकहरू मध्येबाट वार्षिक साधारण सभाले निगमको लेखा-परीक्षक नियुक्ति गर्नु पर्नेछ । त्यसरी लेखापरीक्षक नियुक्ति भएको मितिले पन्ध्र दिनभित्र समितिले निजको नाम श्री ५ को सरकारमा लेखि-पठाउनु पर्नेछ ।

८.१.२ उपदफा ८.१.१ अनुसार नियुक्त भएको लेखापरीक्षक आउँदो वार्षिक साधारण सभासम्म मात्र बहाल रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८.१.३ निगममा एउटै लेखापरीक्षकलाई लगातार तीन पटकभन्दा बढी नियुक्त गर्न सकिने छैन ।

८.२ लेखापरीक्षकमा नियुक्त हुन नसक्नेः

८.२.१ देहायको व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन र नियुक्त भई सकेको भए पनि बहाल रहन सक्ने छैनः–

८.२.१.१ निगमका सञ्चालक वा कर्मचारी ।

८.२.१.२ निगमका सञ्चालक वा कर्मचारीको साझेदार ।

८.२.१.३ निगमका असामी ।

८.२.१.४ निगमका सञ्चालक वा निजको साझेदारका माता पर्ने व्यक्ति ।

८.३ लेखापरीक्षण बदर हुनेः यस ऐनको बखिलाप लेखापरीक्षकमा नियुक्त भएका व्यक्तिले गरेको लेखापरीक्षण बदर हुनेछ ।

८.४ लेखापरीक्षक नियुक्ति हुन नसकेमाः वार्षिक साधारण सभामा लेखापरीक्षक नियुक्त हुन नसकेमा श्री ५ को सरकारले नियुक्त गर्नेछ । त्यस्ता लेखापरीक्षकको पारिश्रमिक निगमले व्यहोर्नु पर्नेछ ।

८.५ स्रेस्ता दिनु पर्नेः लेखापरीक्षकले लेखापरीक्षण गर्नलाई भनी मागेमा निगमको हिसाब किताब, खाता, बही स्रेस्ता जुनसुकै बखत मागे पनि जाँच्न दिनु पर्नेछ र कैफियत तलब गरेको कुराको यथार्थ जवाफ समेत सरोकारवाला सञ्चालक वा कर्मचारीले तुरुन्त दिनु पर्नेछ ।

८.६ लेखापरीक्षकको काम र कर्तव्यः

८.६.१ लेखापरीक्षकले परीक्षण गरेको हिसाब किताब स्रेस्ता र वासलातका सम्बन्धमा देहायको कुरा समेत खोली शेयरवालाहरूलाई सम्बोधन गरी निगम र विभागमा प्रतिवेदन पठाउनु पर्नेछ । त्यस्तो प्रतिवेदनको प्रतिलिपि निगमले हरेक शेयरवालालाई पठाउनु पर्नेछ ।

८.६.१.१ सोधनी र कैफियत तलब भएका कुराको जवाफ यथाशीघ्र आए नआएको ।

८.६.१.२ पेश भएको वासलात र नाफा नोक्सानको फाँटवारी यस ऐन अनुसार भए नभएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८.६.१.३ प्रचलित नेपाल कानून बमोजिम हिसाब किताब स्रेस्ता ठीकसंग राखे नराखेको ।

८.६.१.४ निगमको आर्थिक अवस्था यथार्थ देखिने गरी वासलात दुरूस्त भए नभएको ।

८.६.१.५ समिति वा सञ्चालक वा कुनै कर्मचारीले कानून विरूद्ध कामकाज वा बेहिसाब गरेको वा निगमको हानी नोक्सानी गरे गराएको ।

८.६.१.६ निगमको कारोबार सन्तोषप्रद रूपबाट सञ्चालन भए नभएको ।

८.६.१.७ आवश्यक अन्य सुझावहरू ।

८.७ लेखापरीक्षकको स्थान रिक्त भएमा: नियुक्त भएका लेखापरीक्षकको स्थान कुनै कारणले बीचमा रिक्त हुन आएमा साविकवालाको बाँकी अवधिसम्मलाई सो रिक्त स्थानमा समितिले लेखापरीक्षक नियुक्त गर्न सक्नेछ ।

८.८ लेखापरीक्षकले निस्सा लगाउनु पर्ने: लेखापरीक्षकले आफूले जाँचेको हिसाब किताब र स्रेस्ताहरूमा जाँचेको मिति समेत हाली दस्तखत गर्नु पर्नेछ ।

८.९ लेखापरीक्षक उपस्थित हुनु पर्ने: निगमको साधारण सभा हुँदा निगमका लेखापरीक्षक उक्त सभामा बोलाइएमा उपस्थित भई आफूले जाँच गरेको हिसाब किताब र स्रेस्ता बारे छलफलमा गरिएका प्रश्नहरूको यथार्थ उत्तर दिनु पर्नेछ ।

८.१० लेखापरीक्षकले सूचना दिने: लेखापरीक्षकले जाँची दिएको प्रतिवेदन बमोजिम निगमले सञ्चालकहरूलाई पठाए सरहको वासलातको प्रतिलिपि लेखापरीक्षकलाई पठाउनु पर्नेछ । उक्त वासलातमा गाभिएको प्रतिवेदनमा अदल बदल भए गरेको भए सो कुराको सूचना लेखापरीक्षकले यथाशीघ्र विभागलाई दिनु पर्नेछ ।

८.११ लेखापरीक्षकको पारिश्रमिक: लेखापरीक्षकको पारिश्रमिक समितिले नियुक्त गरेकोमा समितिले र वार्षिक साधारण सभाले नियुक्त गरेकोमा सो सभाले तोकेबमोजिम हुनेछ ।

परिच्छेद–९

विविध

९.१ कर्मचारी सम्बन्धी व्यवस्था:

९.१.१ निगमको दैनिक कार्य सञ्चालनको लागि समितिले एक जना महा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रबन्धक र आवश्यक भएजति संख्यामा अन्य कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

६.१.२ महाप्रबन्धकको कार्यावधि पाँच वर्षको हुनेछ ।

६.१.३ महाप्रबन्धक तथा निगमका कर्मचारीहरूले पाउने पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछ ।

६.२ शपथ लिनु पर्नेः निगमका प्रत्येक सञ्चालक, महाप्रबन्धक तथा कर्मचारीहरूले आफ्नो पदमा बहाल हुनुभन्दा अगावै तोकिएबमोजिम शपथ लिनु पर्नेछ ।

६.३ निगम विघटन हुन सक्नेः

६.३.१ देहायको अवस्थामा निगम विघटन हुन सक्नेछः–

६.३.१.१ निगम खारेज होस भनी राखेको विशेष प्रस्ताव साधारण सभाबाट पारित भएमा ।

६.३.१.२ शर्त अनुसारको ऋण तिर्न नसकेकाले निगमलाई खारेज गरी कानून बमोजिम ऋण रकम भराई पाउँ भनी निगमको तिर्न बाँकी जम्मा ऋणको कम्तीमा तीन चौथाई थैली परेका साहूले विभागमा दरखास्त दिएमा ।

६.३.१.३ कुनै मनासिब कारणबाट निगमलाई खारेज गर्ने गरी श्री ५ को सरकारले निर्णय गरेमा ।

६.४ लिक्वीडेटरको नियुक्तिः

६.४.१ दफा ६.३ बमोजिम निगम विघटन हुने भएमा श्री ५ को सरकारले लिक्वीडेटर नियुक्ति गर्नेछ ।

६.४.२ उपदफा ६.४.१ बमोजिम नियुक्त भएको लिक्वीडेटरको कर्तव्य र अधिकार कम्पनी ऐन, २०२१ अन्तर्गतको सरकारी लिक्वीडेटरको सरह हुनेछ ।

६.४.३ लिक्वीडेटरलाई श्री ५ को सरकारले तोकिदिएको पारिश्रमिक वा भत्ता निगमबाट प्राप्त हुनेछ ।

६.५ दायित्व भुक्तानी गर्नेः

६.५.१ निगम विघटन गर्दा देहायको प्राथमिकता अनुसार दायित्वको भुक्तानी दिनु पर्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९.५.१.१ विघटन गर्दा लागेको खर्च ।

९.५.१.२ निगमका कर्मचारी तथा कामदारले पाउनु पर्ने पारिश्रमिक रकम ।

९.५.१.३ निक्षेप रकम ।

९.५.१.४ ऋण रकम ।

९.५.१.५ श्री ५ को सरकारलाई बुझाउनु पर्ने रकम ।

९.६ सजायः

९.६.१ देहायको कसूर गर्ने देहायका व्यक्तिलाई बीसहजार रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

९.६.१.१ निगमको कुनै सञ्चालक वा कर्मचारीले निगमको सम्बन्धित कुनै कागजपत्रमा जानी जानी वा लापरवाही गरी वा बदनीयतसाथ कुनै झुट्ठा कुरा उल्लेख गरी निगम वा कुनै व्यक्तिलाई हानी नोक्सानी पुऱ्याउन खोजेको वा पुऱ्याएको भए सो सञ्चालक वा कर्मचारीलाई ।

९.६.१.२ निगमका कुनै सञ्चालक् वा कर्मचारीले निगम वा कुनै व्यक्तिलाई क्षती पुऱ्याउने नियतले जानी जानी वा लापरवाही वा बदनीयत गरी यस ऐन बमोजिम राख्नु पर्ने खाता, बही वा स्रेस्ता नराखेमा वा राख्न नलगाएमा वा दबाएमा वा लुकाएमा वा नोक्सान गरेमा सो सञ्चालक वा कर्मचारीलाई ।

९.६.१.३ निगमका लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा आफ्नो कर्तव्य पालनको सिलसिलामा जानी जानी वा लापरवाही गरी वा बदनीयतसाथ झुट्टा कुरा लेखेमा वा लेखापरीक्षण गर्दा आवश्यक देखिएको टिप्पणी गर्न छुटाएमा त्यस्तो लेखापरीक्षकलाई ।

९.६.१.४ आफ्ना जिम्माको कागजपत्र, स्रेस्ता, नगदी, जिन्सी आफ्नो बहाल टुटेपछि वा निगम खारेज गर्ने आदेश प्राप्त भएपछि यस ऐन बमोजिम हालवालालाई नबुझाएमा वा हालवाला-ले नबुझेमा सो नबुझाउने वा नबुझ्ने सञ्चालक, लिक्वीडेटर वा कर्मचारीलाई, र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
6६२

९.६.१.५ विभागबाट स्वीकृत भई नसकी कुनै व्यक्तिले निगमको विवरणपत्र जारी गरेमा सो जारी गर्ने व्यक्तिलाई ।

९.६.२ देहायको कसूर गर्ने व्यक्तिलाई दशहजार रूपैयाँसम्म जरिवाना हुनेछ:–

९.६.२.१ दफा ५.५ बमोजिमको समितिको अधिकार क्षेत्र नघाई निगमको कार्यक्षेत्र बाहिरको काम गरेमा सो गर्ने वा गर्न आदेश दिने व्यक्तिलाई ।

९.६.२.२ यस ऐन बमोजिम बोलाउनु पर्ने साधारण सभा नबोलाए मा वा साधारण सभा हुनु भन्दा अगावै शेयरवालाहरूलाई उपलब्ध गराउनु पर्ने लिखतहरू तयार नराखेमा वा दफा ४.१२ बमोजिम साधारण सभामा प्रस्तुत गर्नुपर्ने कागज-पत्र प्रस्तुत नगरेमा सो राख्ने वा प्रस्तुत गर्ने कर्तव्य भएका व्यक्तिलाई ।

९.६.२.३ लेखापरीक्षकले खोजेको बखत निजलाई हिसाब किताब नदेखाएमा वा नदिएमा सो देखाउनु वा दिनु पर्ने कर्तव्य भएका व्यक्तिलाई ।

९.६.२.४ दफा ८.६ मा तोकिएबमोजिमको प्रतिवेदन प्रस्तुत नगर्ने वा सो दफा बमोजिम आफ्नो कर्तव्य पूरा नगर्ने लेखा-परीक्षकलाई र आफूले गरेको कामको हिसाब किताब पेश नगर्ने लिक्वीडेटरलाई ।

९.६.३ उपदफा ९.६.१ र उपदफा ९.६.२ मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियम बमोजिम आफूले गर्नु पर्ने कुनै काम कुरा नगर्ने वा गर्न नहुने काम कुरा गर्ने वा गर्न हुने काम कुरा पनि म्याद नघाई वा रीत नपुऱ्याई गर्ने प्रत्येक व्यक्तिलाई पाँच हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

९.७ <u>नोक्सानीको बिगो भराउने:</u> कुनै व्यक्तिले यस ऐनमा लेखिएबमोजिम कुनै सजाय हुने कसूर गरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियममा गरिएको कुनै व्यवस्थाको उल्लङ्घन गरी निगम वा शेयरवाला वा साहू वा अरू कुनै व्यक्तिलाई कुनै नोक्सानी पुऱ्याएमा निजबाट सो नोक्सानीको बिगो समेत भराइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९.८ सूचना वा तथ्याङ्क दाखिल गराउने विभागको अधिकारः

९.८.१ विभागले निगमलाई आफ्नो कारोवार वा स्थितिको सम्बन्धमा तोकिदिएको म्यादभित्र तोकिदिएबमोजिमको सूचना वा तथ्याङ्क दाखिल गर्न आदेश दिन सक्नेछ ।

९.८.२ उपदफा ९.८.१ बमोजिमको आदेशानुसार दाखिल हुन आएका सूचना वा तथ्याङ्कको सम्बन्धमा विभागले निगमसंग रहेको अभिलेख हेर्न सक्नेछ ।

९.९. निर्देशन दिने श्री ५ को सरकारको अधिकारः निगमको सञ्चालक वा अन्य कुनै पदाधिकारी वा कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियम बमोजिम गर्नु पर्ने काम कारवाही नगरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियमको बखिलाप कुनै काम कारवाही गरेको वा गर्न लागेको छ भन्ने कुराको कारण सहितको सूचना श्री ५ को सरकारलाई प्राप्त भएमा श्री ५ को सरकारले सो कुराको जाँचबुझ गरी वा गर्न लगाई सो बमोजिम गर्नु पर्ने कुनै काम कुरा गर्न वा गराउन वा नगर्नु पर्ने कुनै काम कुरा गर्नबाट रोक्न सम्बन्धित सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालन गर्नु सो निर्देशन पाउने व्यक्तिको कर्तव्य हुनेछ ।

९.१० नेपाल राष्ट्र बैंङ्कले निरीक्षण गर्ने र आदेश तथा निर्देशन दिनेः

९.१०.१ नेपाल राष्ट्र बैंङ्कले निगमको कारोवारको निरीक्षण गर्न सक्नेछ ।

९.१०.२ नेपाल राष्ट्र बैंङ्कले बैंकिङ्ग तथा वित्तीय व्यवस्था सम्बन्धमा निगमलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ । त्यस्तो आदेश तथा निर्देशनको पालना गर्नु निगमको कर्तव्य हुनेछ ।

९.११ विनियम बनाउने अधिकारः निगमले यो ऐनको अधीनमा रही आफ्नो आन्तरिक काम कारवाही सुव्यवस्थित गर्नको लागि श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

९.१२ खारेजी र बचाउः

९.१२.१ नेपाल औद्योगिक विकास निगम ऐन, २०१६ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९.१२.२ नेपाल औद्योगिक विकास निगम ऐन, २०१६ बमोजिम भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

९.१२.३ नेपाल औद्योगिक विकास निगम ऐन, २०१६ बमोजिम स्थापित नेपाल औद्योगिक विकास निगमको सबै हक र दायित्व यस ऐन बमोजिम स्थापित निगममा सरेको मानिनेछ ।

९.१२.४ नेपाल औद्योगिक विकास निगम ऐन, २०१६ बमोजिम स्थापित नेपाल औद्योगिक विकास निगममा कार्यरत कर्मचारीहरू यस ऐन बमोजिम स्थापित निगममा सर्नेछन् ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।६।२४।२

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।